कृषि तथा वन विज्ञान विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

रामपुर, चितवन

**प.नि.का.च.नं.**.......................२०७७/०७८

**परीक्षा संचालन सम्बन्धी निर्देशिका सम्बन्धमा ।**

परीक्षा संचालन गर्ने सन्दर्भमा

१) परीक्षार्थीहरुका लागि परीक्षा केन्द्रले गर्नु पर्ने व्यवस्था

(क) परीक्षा केन्द्र परीक्षा शुरु हुनु भन्दा कम्तिमा एक घण्टा अघि देखि खुल्ला रहनेछ ।

(ख) परीक्षा हल बाहिर Sanitizer को व्यवस्था गरिनेछ ।

(ग) परीक्षा केन्द्रमा प्रवेश गर्नु पूर्व सम्पूर्ण परीक्षार्थीहरुको तापकम मापन गरिनेछ । १००.४ डिग्री फरेनहाइट वा सो भन्दा बढी तापकम भएका परीक्षार्थीहरुको परीक्षा छुट्टै परीक्षा कोठा (Isolation Room) मा लिने व्यवस्था गरिनेछ ।

(घ) परीक्षार्थीहरुलाई परीक्षा हलमा एक बेन्चमा एक विद्यार्थी मात्र राखी/कुर्सी Diagonal Position मा दुई मिटरको दुरी कायम गरी Seat Arrange गरी परीक्षा संचालन गरिनेछ ।

(ङ) परीक्षा संचालन गर्ने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक र सम्पूर्ण कर्मचारीहरुले Mask / Face Shield र Glove को व्यवस्था गरी अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(च) परीक्षा केन्द्रले Rest Room मा साबुन र पानीको व्यवस्था गर्नु पर्नेछ ।

(छ) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका स्वास्थ्य सम्बन्धी सम्पूर्ण सुरक्षा सावधानी अपनाउनु पर्नेछ ।

(२) परीक्षार्थीहरुले परीक्षा हलमा आउँदा पालना गर्नु पर्ने नियमहरु:

(क) परीक्षार्थीहरु परीक्षा शुरु हुनु भन्दा एक घण्टा अगावै परीक्षा केन्द्रमा आउन सक्नेछन् ।

(ख) परीक्षा हलमा उपस्थित हुनु पूर्व शरीरको तापकम लिए पश्चात मात्र प्रवेश दिइने हुँदा भौतिक दुरी कायम गरी तापकम लिनका लागि लाइनमा बस्नु पर्नेछ ।

(ग) परीक्षार्थीहरुले Sanitize गरी परीक्षा हलमा प्रवेश गर्नु पर्नेछ ।

(घ) परीक्षा हलमा परीक्षार्थी स्वयंले Mask / Face Shield र Glove को व्यवस्था गरी अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

(ङ) परीक्षा शुरु हुनु अगाडि र परीक्षा समाप्त भए पश्चात परीक्षार्थीहरु परीक्षा हल परिसर भित्र समूहमा बस्न पाइने छैन, साथै जथाभावी थुक्न र फोहर गर्न पाइने छैन ।

(च) कुनै परीक्षार्थीहरुलाई ज्वरो, रुघाखोकी र अन्य कोभिड सँग सम्बन्धित लक्षण भएमा परीक्षा केन्द्रमा जानकारी गराउनु पर्नेछ ।

(छ) परीक्षार्थीहरुले परीक्षा हलमा आवश्यक पर्ने सामग्रीहरु (कलम, पेन्सिल, इरेजर, स्केल आदि) आफैंले ल्याउनु पर्नेछ र एक आपसमा साटफेर गर्न पाइने छैन ।

(ज) परीक्षार्थीहरुले परीक्षा हलमा उपस्थित हुनका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका कोभिड सम्बन्धी स्वास्थ्य निर्देशिका पालना गर्नु पर्नेछ ।